

# प्राकृतिक रेशाकी पहिलो उद्यमी दिव्यतारा



- रामकला पौडेल

**दिव्यतारा तुलाधर** २०१६ साल मङसिर १६ गते काठमाडौँको असन, त्यौडमा जन्मनु भएको हो । तारा शोभा तुलाधर र दिव्य तुलाधरको जेठी छोरी दिव्यताराको एक बहिनी र एक भाइ हुनुहुन्छ । मानव जीवन अनेक प्रकारका उतार चढावका कारण प्रभावित भइरहन्छ । कहिले सहज बाल स्वभावले प्रभावित भएर सहज र सरल भावमा व्यतीत हुन्छ भने कहिले उमङ्गले उल्लासित भएर बितिरहेको हुन्छ । त्यही जीवन कहिले आफ्ना इच्छा र चाहना अनुरूपभन्दा पनि आफ्ना अभिभावकका इच्छा र जिम्मेवारीभित्र परेर आफ्ना इच्छाहरू खुम्च्याउनु पर्ने हुन्छ । दिव्यताराका जीवनमा पनि यस्तै भयो र पढ्ने उमेरमा २०३२ सालमा १६ वर्षकै कलिलो उमेरमा उहाँको विवाह काठमाडौँकै गौतमवीर तुलाधरसँग भयो । पारिवारिक जिम्मेवारी पूरा गर्दै दुई छोरा र एक छोरीको जन्म दिएर आमा बन्नुभयो । सन्तानको जन्म र उनीहरूको जिम्मेवारी पूरा गर्दा पनि छुट्टै आनन्द आउने बताउदै भन्नुहुन्छ- त्यसपछिको औपचारिक शिक्षा हासिल गर्न निकै गाह्रो भयो ।

उद्यमी दिव्यतारा तुलाधरको परिवार शिक्षित नै थियो । उहाँका बुबा दिव्य तुलाधर काठमाडौँको त्यौड माध्यमिक विद्यालयका शिक्षक हुनुहुन्थ्यो । परिणाम स्वरूप दिव्यतारासहित भाइ बहिनीलाई पनि विद्यालय तहको औपचारिक शिक्षा लिन बुबा र घरपरिवारको राम्रो प्रेरणा भयो । त्यतिबेला छोरीहरूलाई पढाउने चलन नभए पनि आफ्ना बुवालाई छोरा छोरीले पढ्नुपर्छ भन्ने थियो । त्रिचन्द्र र पद्मकन्या क्याम्पसबाट स्नातकसम्मको अध्ययन पूरा गर्नु भएकी दिव्यतारा चाडै बिहे भएर धेरै पढ्न नपाएको अनुभव साट्नु हुन्छ ।

उहाँको बाल्यावस्था आर्थिक रुपमा त्यति कष्टपूर्ण थिएन । एक त शिक्षित परिवार दोश्रो उहाँहरूको बुबाकै पालामा असनमा पसल थियो । नेवार समुदायमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीसहित अन्यलाई पनि मिल्ने व्यापार थियो, जुन राम्रोसँग सञ्चालन भइरहेको थियो । आफ्नो परिवारको व्यापारी दैनिकीले पनि यो उद्यममा लाग्नुलाई आफ्नो परिवार नै प्रेरणाको श्रोत बनेको मान्नु हुन्छ दिव्यतारा तुलाधर ।

उहाँको बुबाले भृकुटी मण्डपमा रहेको तत्कालीन युवा परिषद्बाट २०४१/४२ सालतिर फिलिपिन्स जाने मौका पाउनुभयो । फिलिपिन्सको केही समयको बसाइमा उहाँले त्यहाँको प्रगति र विकासले फड्को मारेको र छोरीहरू पनि

उद्यमी भई काम गरेका विभिन्न स्थानहरूको अवलोकनबाट प्रभावित हुनुभयो । यो प्रभावले आफ्नो देशमा पनि र आफ्ना छोरीहरूले पनि केही गरून भन्ने उद्देश्यका साथ बुवाको प्रेरणाको परिणाम नै आज आफू उद्योगको यो उचाइमा पुगेको महसुस गर्नुहुन्छ ।

फिलिपिन्सको भ्रमणपछि बुबाले "छोरी हो ! अब केही गर्नुपर्छ" भन्ने सधैंको हौसलाले आफूहरूले २०४२ सालमा काठमाडौंको ठहिटीका नेपाल महिला कल्याणकारी कोष नामक संस्था खोलेको र त्यही नै आफ्नो जीवनको उद्यमी र सीपको पहिलो खुडकिलो मान्नुहुन्छ । संस्थामा ११ जना मिलेर कार्य समिति गठन गरी त्यही संस्था मार्फत उहाँहरूले तालिम लिने र दिने काम गर्दै जानुभयो । व्यापारिक घरपरिवार भए पनि आफूले नै कमाएर आवश्यक केही सामाजिक काम र आर्थिक रूपमा सबल हुनुपर्छ भन्ने सोचको विकास हुँदै जाँदा उँहाहरूले त्यस संस्थामार्फत पहिलो तालिम सिलाई कटाई आरम्भ गर्नुभयो । तालिम दिएर धेरै महिलाहरूलाई स्वरोजगार र सक्षम बनाउन पाउँदा निकै आनन्दित भएको साथै अरू काम गर्ने जोश र उच्च आकाङक्षा बढेको उहाँ बताउनुहुन्छ । सिलाई कटाई मात्र नभई स्वीटर बुनाईसम्बन्धी तालिम पनि यही संस्थामार्फत गर्नुभयो । जुनसुकै तालिम भए पनि आफू पनि सँगसँगै सिकिहाल्ने स्वभावले गर्दा संस्थामार्फत घरेलुले दिने यस्ता सिलाई कटाईसम्बन्धी हरेक तालिम उहाँ लिइहाल्नु हुन्थ्यो ।

जुनसुकै काम पनि उत्सुकताका साथ जिम्मेवारी पूर्ण तरिकाले गर्ने र काम सम्पन्न गरिछाड्ने हस्तसिद्ध उद्यमी महिला भएकैले त आज उहाँ नेपालको मात्र नभै सिमापारका देशले समेत चिन्न सफल महिला उद्यमी हुनुहुन्छ । केही न केही नयाँ काम गरिरहनु पर्ने स्वभावका कारण उहाँले सिलाई कटाइमा मात्र सिमित नभै मकैको खोस्टाको फुल र उपहार दिनमिल्ने सामान बनाएर बजारमा लग्नुभयो, यसमा पनि सफलता मिल्यो । साथै झोल साबुन, लप्सी पाँउ, लप्सी क्याण्डी, गड्यौले मल बनाउने, पिपलको पात रेशामात्र राखेर डेकोरेशन गर्ने, व्याच बनाउने जस्ता काम पनि गर्नुभयो । काम र आफ्नो उत्पादनलाई सानो ठूलो नठान्ने दिव्यताराका यस्ता सामानको मुख्य बजार भनेको मेला-महोत्सव र स्थानीय बजार नै हुन्थ्यो ।

कहीं मेला महोत्सव भयो कि कुनै अप्ठेरो नमानी  त्यहाँ आफ्नो सामान राखिहाल्ने राम्रो बानी छ उहाँको । अध्ययन गर्ने उमेरमै महिला कल्याणकारी कोषको स्थापना गरी केही समय समाजसेवामा बिताउनु भएकी दिव्यतारा आफ्नो पारिवारिक आर्थिक अवस्था राम्रो भए पनि आत्मनिर्भर हुन चाहनुहुन्थ्यो । एकदिन उहाँले बनाएका नेपाली कागजको पर्स एकजना विदेशी साथीलाई दिंदा उनी धेरै खुसी भए र कामको प्रशंसा गरे । विदेशबाट उक्त सामानको अर्डर आयो र कागजको सामानले ( नोटबुक ) व्यापारमा सिमा पार गर्‍यो । नेशनल फाइवर पोली मार्वल नामक नेपाली कपडालाई पेपरमा डाइभर्ट गरेर आफ्नो सीप र पेशाको शुरुवात गर्नु भएकी दिव्यताराले उद्योग खोल्ने र सिर्जनात्मक काम गरेर व्यवसायमा लाग्ने उहाँको आफ्नै प्रयास स्वरूप अन्नपूर्ण ह्याण्डीक्राफ्ट खोल्नु भयो ।

हस्तकलामा आकर्षित दिव्यातारले लोक्ताबाट कागज बनाउने तालिम लिएर कागजबाट नोटबुक फोटोफ्रेम, एल्वम, भिजिटिङ कार्ड ऱ्यापिङ पेपर, व्याग, ल्याम्पसेट बनाउनुका साथै धातुमा पनि आकर्षण भएकाले धातुका चुरा, इयर रिङ बनाउन सिकेर त्यसको पनि व्यापार गरिरहनु भएको छ। आफ्नो अन्नपूर्ण ह्याण्डीक्राफ्ट दर्ता भएपछि र आफ्ना उत्पादनले हाट बजार र महोत्सवमा राम्रै व्यापार गर्न थालेपछि ऋण लिएर काम गर्न एक जना साथीको सल्लाह अनुरूप पाँच जना साथी मिलेर नविल बैंकबाट ३०/३०  हजारका दरले ऋण लिएर उद्योगलाई निरन्तरता दिनु भयो । एक पटकको महोत्सवमा उहाँको सामान हेर्ने क्रममा मानषी भन्ने संस्थाका एकजना विदेशीले उहाँहरूले उत्पादन गरेका कागजका सामान मन पराएर एक हजार थान नोटबुक अर्डर दियो । बैंकको ऋण तथा व्याज पनि तिर्नुपर्ने हुँदा निकै मेहनत गरेर कागजका स्तरीय र आकर्षक सामानको उत्पादन गर्न थाल्नु भयो । फेरि क्यालिफोर्नियाबाट तेत्तीस हजार कागजको व्याग, पर्स अडर आएसँगै सिमापारको व्यापारमा पनि उहाँहरूको पहुँच पुग्यो जुन कामले उहाँहरूमा काम गर्ने उत्साह अझ बढ्यो । यसरी निरन्तर उत्साही भएर काम गर्दै जाँदा नेपालको हस्तकलालाई विश्वमै चिनाउँछु भन्ने अठोटका साथ काम गरेको कुरा निकै उत्साही हुँदै बताउनु हुन्छ ।

पहिला पहिला नेपालमा उत्पादन भएका सामान प्रयोग गर्न हिचकिचाउने नेपालीले पनि अहिले स्वदेशमै उत्पादित सामानको पनि प्रयोग गर्न थालेका

छन् । नत्र यस्ता सामानका ग्राहक भनेका विदेशी नै हुन्थे । पहाडमा पाइने रेशादार केतुकी, केरा, सिमल, अल्लो, गाँजा लगायतका कच्चा पदार्थबाट धागो निकालेर आवश्यक वस्तुको उत्पादन गर्ने उद्यमी दिव्यताराले २२/२५ जना कामदारलाई रोजगार दिनुभएको छ। हस्तकलामा हुने विभिन्न समितिहरूमध्ये उहाँ प्राकृतिक रेशा विकास समितिको सभापतिमा रहेर काम गर्दै आउनु भएको छ । प्रकृति प्रेमी दिव्यतारा आफ्नै माटोमा सुहाँउदो र आफनै देशमा पाइने प्राकृतिक वस्तुहरूको उपयोग गरौं भन्ने भावको साथ यो प्राकृतिक रेशासम्बन्धी अनुसन्धानमा लाग्नु भएको र सफलता पनि प्राप्त गर्नु भएको देखिन्छ। केही न केही नयाँ काम गर्नु पर्ने दिव्यताराले नेपालमा अन्य रेशाबाट (हेम, शिमल, केतुकी, अल्लो जस्ता वस्तुबाट) उत्पादन भइसकेको र केराको थामबाट नभएकोले यसैमा हात हाल्ने दृढ अठोटका साथ अनुसन्धानमा लाग्नु भयो । यससम्बन्धी विभिन्न तालिमहरू लिंदै आफूमा प्राकृतिक रेशासम्बन्धी एउटा पूर्ण सक्षम प्रशिक्षकमा हुनुपर्ने सीप हासिल गर्नु भयो । विभिन्न ठाउँमा प्राकृतिक रेशासम्बन्धी तालिम पनि दिन थाल्नुभयो ।

यसरी तालिम दिंदै हिँड्दा सबै ठाउँमा तालिम पश्चात् काम गरिहाल्ने अवस्था थिएन किनकि आधुनिक मेशिनको अभावमा तालिम खेर जाने भो भनेर उहाँले सिन्धुपाल्चोकमा तालिम प्राप्त व्यक्तिहरूका लागि हस्तकलाका प्रशिक्षक ऋद्धिवीर सिंहको सहयोगमा घरेलु मार्फत मेशिन उपलब्ध गराउनु भयो र त्यहाँ केतुकीको काम भयो । काम गर्ने जोस, सीप र दृढ विश्वास भए पनि, भरपुर प्राकृतिक स्रोत भए पनि आधुनिक प्रणालीको मेशिन औजारका अभावमा प्राकृतिक रूपमा पाइने स्रोतको सदुपयोग गर्न नपाइने भन्ने चिन्ताले सताइरहेका बेला लघु उद्यम विकास नवलपरासीले आफूहरूसँग मेशिन छ, तालिम चलाउनु पऱ्यो भनेपछि आफूले केराको थाममा गरेको अनुसन्धान र तालिम अब प्रयोगात्मक रूपमै अनुसन्धान गर्न पाउँदा निकै खुशी लागेको बताउनुहुन्छ । तालिम सञ्चालन भयो । नेपालमा त्यस्तो कामको बजारको अभावले तालिम प्राप्त जनशक्ति पलायन हुने अवस्था देखेर तालिम प्राप्त जनशक्तिलाई आफैंले समेटेर केराको थामको रेशाबाट सामान उत्पादन गर्ने अठोटका साथ उहाँ लाग्नु भयो ।

दृढ विश्वासी दिव्यताराका लागि यो काम कम चुनौतीपूर्ण भने थिएन । चुनौतीको सामना गर्दै काठमाडौँको हावापानीमा हुर्केको मान्छेले तराईको हावापानी फरक हुँदाहुँदै पनि खुब सङ्घर्ष गर्दै निखारिएको सीपलाई विश्वसामु पुऱ्याउन नवलपरासीको लुसलहरी कोलुवा भन्ने ठाउँमा सात कठ्ठा जग्गामा आफ्नो उद्योग स्थापना गर्नुभएको छ ।

नेपालमा महिलाले शुरु गरेको नयाँ प्रयोगलाई तालिमको शुरुदेखि अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हेल्भिटासले सहयोग गऱ्यो, जुन अहिले पनि निरन्तर छ । आर्थिक अभावले एक्लै सम्पूर्ण काम सम्पन्न नहुने हुँदा उहाँको उद्योगलाई पनि हेल्भिटासका साथै कृषि विकास आयोजना (प्याक्ट) नेपालले घर र मेशिनका लागि सहयोग गऱ्यो ।

अब पर्याप्त पूर्वाधार तथा चाहिने जति मेशिनहरू उहाँको उद्योगमा भित्रिसकेका छन् । केराको थामका रेशाबाट विभिन्न सामान उत्पादन हुने उद्योग भएकाले अहिले उहाँको उद्योग हेर्न देश विदेशका मानिसहरू आइरहेका हुन्छन् ।

दिव्यताराका अनुसार केराको बोटको कुनै पनि चीज खेर जाँदैन । उहाँ भन्नुहुन्छ- जिरो वेष्ट यो नेपालीका लागि गाँस, वास र कपास सबै हुने चिज हो । किनकि थामबाट निस्कने रेशाबाट कपडा, झोला, पर्दा, व्याग, पर्स, टेवल म्याट, पेन बक्स, टिस्यु पेपर बक्स, गलैंचा, चकटी अनेक किसिमको सामान बनाउन मिल्नुका साथै त्यसबाट निस्केको लेदोबाट गड्यौले मल बन्छ र केही पनि खेर जाँदैन ।

अन्य केरा व्यवसायीलाई केरा उत्पादनपछि थाम व्यवस्थापन गर्न कठिन छ । त्यसैले केरा व्यवसायीले अहिलेसम्म थाम निःशुल्क उपलब्ध गराएका छन् । कसैले चाँहि आफैले धागो निकालेर उद्योगमा ल्याउँछन् । उद्योगमा २ सयदेखि २ हजार मिटरसम्मको कपडा उत्पादन हुन्छ । यो प्राकृतिक श्रोत र वातावरणीय हिसाबले पनि राम्रो र त्यसबाट उत्पादित सामानले मानव स्वास्थ्यमा असर नगर्ने भएकाले यसको माग देशभित्र र देशबाहिर उत्तिकै छ ।

उहाँ एउटा प्रशिक्षक भएकाले अहिलेसम्म पन्ध्र सय जति प्रशिक्षार्थीलाई तालिम दिइसक्नुभएको छ । करिब १९ वर्ष अघि २ लाख रूपैयाँमा शुरु गरेको उहाँको

उद्योगको लगानी समयअनुसार रफ्तारले बढ्दो छ । उहाँको सीपबाट तालिम लिएका कतिपय व्यक्तिले आफूलाई उद्यमीका रूपमा पनि उभ्याई सकेको बताउनुहुन्छ । अहिले उहाँको पहलमा विभिन्न जिल्लामा हस्तकलासम्बन्धी शाखाको पनि विस्तार गर्नुभएकी दिव्यतारा त्यतिमा मात्रै सीमित हुनुहुन्न ।

सामाजिक सेवामा काम गर्ने रुचि भएकाले उद्योगसँगै मानुषी नामक संस्थामा उहाँ उपाध्यक्ष, महिला उद्यमी स्वच्छ व्यवसाय सङ्घका संस्थापक सदस्य लगायतका विभिन्न सङ्घ संस्थामा आवद्ध हुँदै सामाजिक काम पनि गर्दै आउनु भएको छ ।

एउटा सफल उद्यमीका रूपमा उभ्याउन तन, मन, धन लगाएर काम गर्ने उहाँले काम गर्न उत्सुक हुनेलाई निःशुल्क तालिम दिएर उनीहरूको आर्थिक अवस्था उकास्ने लक्ष्य छ । यही लक्ष्यका साथ निरन्तर उद्योगीका रूपमा पनि काम गर्ने दिव्यताराको कदर स्वरूप विभिन्न सरकारी निकाय तथा सङ्घ संस्थाबाट थुप्रै पुरस्कार पनि प्राप्त गर्नुभएको छ । साथै उहाँ मोतीदेवी स्मृति केन्द्रबाट महिला उद्यमी सम्मान, २०७२ बाट पनि सम्मानित हुनुहुन्छ ।

करिब एक सय भन्दाबढी सेमिनारहरूमा तथा विभिन्न देशका ट्रेड फेयरहरूमा भाग लिएर आफ्नो उद्योगलाई अब्बल सावित गर्नुभएकी दिव्यताराले सन् २००० मा युनिफेम मार्फत इण्डियाको इन्टरनेशनल ट्रेड फेयरमा १४(चौध) दिनको लागि भाग लिने अवसर प्राप्त गर्नुभयो । केराको काम भएकाले इण्डिया ट्रेड फेयरले क्राफ्ट एक्स्चेन्ज कार्यक्रममा उहाँलाई समय समयमा निमन्त्रणा गर्ने गर्दछ । नेपालमा हुने विभिन्न राष्ट्रिय मेला र प्रदर्शनीहरूका साथै बङ्गलादेशमा दुई पटक, तिब्बत, चीन, कोरिया, पाकिस्तान र इण्डियामा धेरैपटक यस्ता ट्रेड फेयरमा भाग लिँदै आफ्ना सामानको प्रदर्शनी र बिक्री गर्दै नयाँ सोच र शोधका साथ अघि बढिरहनुभएको छ ।

आफ्नै सीप, क्षमता र नेपालमा उत्पादित प्राकृतिक रेशा, केराको थामको रेशाबाट कपडा लगायत अन्य वस्तु उत्पादन गर्ने पहिलो उद्यमी नै दिव्यतारा हुनुहुन्छ । वार्षिक करिव ४०/५० लाखको कारोबार गर्ने उद्यमी सफलतासँगै घरपरिवार समाज र देशले हेर्ने तरिका निकै फरक भएको अनुभव गर्नुहुन्छ ।

सैद्धान्तिक पक्षको गतिशिलता र प्रविधिको विशिष्टतालाई अँगाल्दै इतिहासको अनुभव, ज्ञान, सीप, क्षमता तथा नीति, आधुनिक प्रविधि, व्यक्ति र समाजलाई हस्तान्तरण गर्दै जान सकियो भने समृद्धिको यात्रामा नयाँ पुस्तालाई सशक्तीकरण गर्न सकिन्छ । व्यवसायिक विविधता र प्राविधिक विविधतामा आधारित भई प्राकृतिक श्रोत र साधनमा अवसर र पहुँचको उपयोग गरी आय आर्जन गर्न सके हरेक व्यक्तिले आफ्नो पूँजी बृद्धि गर्न सक्छ । नयाँ उद्यमशीलताको सोच नयाँ औद्योगिक आयाम, नयाँ प्रबर्द्धन, विचार प्रविधिको माध्यमले जीवन पद्धतिलाई सबल र सक्षम बनाउन सकिने सोच राखेर निरन्तर लाग्नु हुने उद्यमी दिव्यतारा नेपाली र नेपालककै लागि अनुकरणीय र भरपुर प्रेरणाकी अग्रणी उद्यमी हुनुहुन्छ ।